# पुरुष, स्त्री तथा बाइबलीय समानता

CBE INTERNATIONAL

122 West Franklin Avenue, Suite 610, Minneapolis, MN 55404-2426
Phone: (612) 872-6898 | cbe@cbeinternational.org
www.cbeinternational.org

## बाइबलीय समानताको निम्ति क्रिश्चियनहरू

बाइबलले सृष्टि तथा उद्धारको कुरामा पुरुष तथा स्त्रीको बीच पूर्ण समानताको शिक्षा दिन्छ (उत्पत्ति १:२६-२८, २:२३, ५:१-२, १ कोरन्थी ११:११-१२, गलाती ३:१३, २८, ५:१) ।

बाइबलले धर्मशास्त्रका कुरा तथा परमेश्वरको वचनको आधिकारिकता पूरा गर्न परमेश्वर आफै प्रकट हुनुभएको शिक्षा दिन्छ (मत्ती ५:१८, यूहन्ना १०:३५, २ तिमोथि ३:१६, २ पत्रुस १:२०-२१) हामी धर्मशास्त्रको पूर्ण तथा सैद्धान्तिक रुपमा व्याख्या हुनुमा विश्वास गर्दछौं । हामी " प्रेरणा तथा व्याख्या"मा फरक हुनुपर्छ भन्ने मान्यता राख्दछौं । प्रेरणा भन्नाले संपूर्ण धर्मशास्त्र परमेश्वरको वचन हो र यो परमेश्वरीय प्रेरणाबाट लेखिएको हो । अनि, व्याख्या भनेको मानवीय क्रियाकलाप जसमा पवित्र आत्माको रेखदेखमा संपूर्ण धर्मशास्त्रको सत्यता खोज्नु हो । साचो बाइबलीय बन्नलाई, क्रिश्चियनहरूले धर्मशास्त्रको गहिरो अध्ययन गरेर आफ्ना विश्वास लगातार परीक्षण गर्नुपर्छ ।

## बाइबलीय सत्यताहरू

### उत्पत्तिः

१. परमेश्वरले पुरुष तथा स्त्री दुवैलाई परमेश्वरको स्वरुपमा सृष्टि गर्नुभयो, परमेश्वरसाग दुवैको सीधैं सम्बन्ध थियो, बाल-बच्चा पाउने तथा हुर्काउनेमा दुवैको उत्तीकै दायित्व थियो र सम्पूर्ण सृष्टिमा उनीहरूको अधिकार स्थापना गर्नुभयो भन्ने कुरा बाइबलले शिक्षा दिन्छ (उत्पत्ति १:२६-२८) ।

२. बाइबलले स्त्री तथा पुरुषलाई परमेश्वरले सम्पूर्ण रुपमा बराबर सृष्टि गर्नु भयो भन्ने शिक्षा दिन्छ । 'सहयोगी' शब्द उत्पत्ति २:१८ मा नारीको निम्ति लेखिएको छ र पुरानो करारमा यही शब्दले परमेश्वरलाई जनाउँछ (१ शमूएल ७:१२, भजन १२१:१-२) । यस शब्दले नारीलाई होच्याउने तथा निर्धो रुपमा प्रस्तुत पटक्कै गर्दैन ।

### परिवार

३. क्रिश्चियन परिवारमा पति पत्नीले आ-आफ्ना इच्छा, चाहना तथा आकांक्षा मात्र खोज्नु हुँदैन । एकले अर्कोलाई अधिनमा राख्न खोज्ने होइन कि बरु एउटाले आफूलाई अर्को भन्दा नम्र तुल्याएर सेवकको रुपमा प्रस्तुत गर्नु पर्दछ । कुनै निर्णय लिनु पर्दा यही नै हुनुपर्छ भनी ढिपी नलिई बाइबलीय आधारमा सहमती खोज्नु पर्दछ ।
यसो गर्नाले पति पत्नीले क्रिश्चियन परिवारलाई गलत किसिमले आफ्नो अधिकार प्रयोग गर्नबाट जोगाउने छ । यसले घरलाई घरको मूली 'पति' बाट हुने दुर्व्यवहारबाट जोगाउनेछ ।

४. क्रिश्चियन परिवारमा पति पत्नीले आफ्ना वरदान, क्षमता तथा उपलब्धताको आधारमा अगुवापनको उत्तरदायित्व लिनुपर्दछ र एक अर्को प्रति सम्मानको दृष्टिकोण राखेर निर्णय गरिनु पर्दछ । यसो गरिएमा पति पत्नीले एक अर्कालाई योग्य तथा पूरकको रुपमा सम्मान गर्न सिक्ने छन् । यसले पति पत्नीलाई हरूवाको रुपमा तथा आफ्ना अहंम जोगाउनलाई गलत बाटो अपनाउने तरिकाबाट जोगाउने छ । दुवैको समानतामा रहेको वैवाहिक सम्बन्धले जोडीलाई अलग्याउनबाट जोगाउने छ ।

५. क्रिश्चियन परिवार जसले येशूमा भएको स्वतन्त्रतालाई जीवन चरित्र बनाएका छन्, उनीहरूले पश्चाताप तथा ढोंगिपनको पीडाबाट गुज्रिनु पर्ने छैन । उनीहरू अबाइबलीय "परंपराबाद" बाट फुत्किएर येशूमा रमाउन सक्नेछन् । यसो गर्दा, उनीहरूको खुला रुपमा धर्मशास्त्र प्रति आज्ञाकारिता प्रकट हुनेछ र अन्य जोडीहरूको निम्ति येशूको स्वतन्त्रतालाई मनन गर्ने एक राम्रो उदाहरण बन्नेछ । यसले कहिले काहीं चर्च तथा परिवारमा भएको प्रभुत्व तथा असमानताको विरोधमा खडा रहन मद्दत गर्नेछ ।

**हामी हाम्रो विश्वासमा दृढ छौं कि बाइबललाई सम्पूर्ण रुपमा हेर्दा यो एक स्वतन्त्रताको वचन हो जसले स्त्री र पुरुषलाई पवित्र आत्माले दिनु भएको आफ्ना वरदानहरू जोसिलो रुपमा प्रयोग गरेर परमेश्वरको सेवकाई गर्न सक्नेछन् ।**

Gilbert Bilezikian
Staney N. Gundry
Catherine Clarik Kroeger
Roger Nicole
W.Ward Gasque
Gretchen Gaebelein Hull
Jo Anne Lyon

Printed in partneship withe CBE International.
©2005 www.cbeinternational.org

NEPALI: "Men, Women and Biblical Equality" Translated and Published by Sowing Seed Ministries-Nepal.

३. पुरुषबाट स्त्रीको बनावटले मानवजातिको आधारभूत एकता तथा बराबरीको शिक्षा बाइबलले दिन्छ (उत्पत्ति २:२१-२३)। उत्पत्ति २:१८,२० को शब्द "सुहाउँदो" ले बराबरी तथा उपयुक्तता जनाउँछ ।

४. पापमा फस्दा पुरुष र स्त्री दुवै उत्तिक्कै भागिदार थिए भन्ने बाइबलले सिकाउँछ । आदम हव्वा भन्दा कम दोषी थिएनन् (उत्पत्ति ३:६, रोमी ५:१२-२१, १ कोरन्थी १५:२१-२२) ।

५. आदमको अधिनमा हव्वा भएकीले पतन भएको कुरा बाइबलले सिकाउाछ जुन वास्तविक सृष्टिको क्रम थिएन । उत्पत्ति ३:१६ ले पतनको स्वरुपलाई देखाउँछ नकि परमेश्वरको आदर्श क्रमलाई ।

## उद्धार

६. स्त्री तथा पुरुष दुवैलाई उद्धार गर्न येशू ख्रीष्ट आउनुभयो भन्ने बाइबलले शिक्षा दिन्छ । येशूलाई विश्वास गरेर हामी सबै परमेश्वरको सन्तान हुन सक्छौं । कुनै जाति, समाज तथा लिंगको भेदभाव विना नै हामी उद्धार पाएर येशू ख्रीष्टमा एक हुन सक्छौं (यूहन्ना १:१२-१३, रोमी ८:१४-१७, २ कोरन्थी ५:१७, गलाती ३:२६-२८) ।

## समुदाय

७. पेन्तिकोसको दिन पवित्र आत्मा स्त्री, पुरुष सबैमा समान रुपले ओर्लनुभयो भनी बाइबलले सिकाउाछ । कुनै भेदभाव विना नै पवित्र आत्मा स्त्री र पुरुष दुवैमा रहनुहुन्छ र लिंगको भेदभाव विना नै शक्तिशाली तोडाहरू बााड्नुहुन्छ (प्रेरित २:१-२१, १ कोरन्थी १२:७, ११, १४:३१) ।

८. स्त्री पुरुष दुवैलाई आफ्ना आत्मिक तोडाहरूको विकास गर्ने तथा परमेश्वरको अनुग्रहलाई उपयोगमा ल्याउने कुरा बाइबलले सिकाउँछ (१ पत्रुस ४:१०-११) । स्त्री पुरुष दुवैलाई परमेश्वरको अनुग्रह दिइएको छ र येशू ख्रीष्टको सम्पूर्ण अधिकारमा उहाँको शरीरको हिस्सा बन्न सुसमाचारीय कामको जिम्मा दिइएको छ । (प्रेरित १:१४, १८:२६, २१:९, रोमी १६:१-७, १२-१३,१५, फिलिपी ४:२-३, कलस्सी ४:१५, मर्कुस १५:४०-४१, १६:१-७, लूका ८:१-३, यूहन्ना २०:१७-१८, पूरानो नियमका उदाहरणहरूसंग पनि तुलना गर्नुहोस्...

न्यायकर्ता ४:४-१४, ५:७, २ इतिहास ३४:२२-२८, हितोपदेश ३१:३०-३१, मिका ६:४) ।

९. नयाँ करारमा स्त्री तथा पुरुष दुबैले भविष्यवक्ता पूजारी तथा प्रशासनिक कार्यहरू गरेको कुरा बाइबलले सिकाउँछ (प्रेरित २:१७-१८, २१:९, १ कोरन्थी ११:५, १ पत्रुस २:९-१०, प्रकाश १:६, ५:१०) । त्यसै कारणले केही पदहरूलाई मात्र हेरेर नारीहरूको पूरा स्वतन्त्रताको कुरालाई साधारण किसिमले व्याख्या गर्नु हुँदैन । यसको लागि सम्पूर्ण धर्मशास्त्रका सम्पूर्ण पदहरूको विवेचना तथा व्याख्या गरिनु पर्दछ (१ कोरन्थी ११:२-१६, १४:३३-३६, १ तिमोथी २:९-१५) ।

१०. बाइबलले अगुवापनको कार्यहरुमा अधिकार थोपर्ने नभई सेवा हो भन्ने सिकाउँछ ( मत्ती २०:२५-२८, २३:८, मर्कुस १०:४२-४५, यूहन्ना १३:१३-७, गलाती ५:१३, १ पत्रुस ५:२-३) ।

## परिवार

११. पतिहरू तथा पत्नीहरू दुवै अनुग्रहित जीवनका उत्तराधिकारी हुन् र उनीहरू पारस्परिक समर्पण तथा उत्तरदायित्वमा बाँधिएका हुन्छन् भन्ने बाइबलले शिक्षा दिन्छ (१ कोरन्थी ७:३-५, एफिसि ५:२१, १ पत्रुस ३:१-७, उत्पति २१:१२) । पतिको कार्य 'प्रमुख' को अर्थ एक अर्को प्रति पारस्परिक समर्पणमा प्रेम तथा सेवा दिने बुझ्नुपर्दछ (एफिसि ५:२१-३३, कलस्सी ३:१९, १ पत्रुस ३:७) ।

१२. बाइबलले आमा बुबा दुवैलाई बच्चा स्याहार्ने, तालिम दिने, अनुशासनमा राख्ने तथा बच्चाहरूलाई शिक्षा दिने आदि कुराको अगुवाई गर्ने शिक्षा दिन्छ (प्रस्थान २०:१२, लेवी १९:३, व्यवस्था ६:६-९, २१:१८-२१, २७:१६, हितोपदेश १:८, ६:२०, एफिसि ६:१-४, कलस्सी ३:२०, २ तिमोथी १:५ लूका २:५१) ।

# प्रयोग

### समुदाय

१. चर्चमा स्त्री तथा पुरुष सबैका आत्मिक वरदानहरूको पहिचान गरी तिनीहरूलाई फस्टाउने मौका दिएर सबै तहका सेवकाईहरू जस्तो सानो समूहको अगुवा, सल्लाहकार, सहजकर्ता, प्रशासक, ठाउँ देखाउने व्यक्ति, प्रभुभोजको सेवकाई तथा अन्य केहीमा प्रयोग गर्नुपर्दछ । सेवकाईहरू पास्टरीय हेरचाह, शिक्षण, वचन बाँड्ने र स्तुतिप्रशंसा आदि हुन्छन् ।
यसो गर्नाले चर्चले आत्मिक वरदानको श्रोतको रुपमा परमेश्वरलाई महिमा चढाउनेछ । चर्चले परमेश्वरको खबरदारीको अधिकारलाई पूरा पनि गर्नेछ र चर्चका धेरै सदस्यहरूलाई उत्तरदायित्वबाट पन्छाएर परमेश्वरको राज्यको डरलाग्दो घाटाबाट जोगाउने छ ।

२. चर्चमा स्त्री पुरुष दुवैलाई सेवकाई तथा अगुवापनमा सहभागी गराई जनसमर्थन लिनुपर्छ । यसो गर्नाले एकता तथा मिलापको चर्च एउटा नमूना बन्नेछ र विश्वासीहरूको समुदायको पहिचान हुनेछ । भेदभाव तथा अलगयाईले दुनियाँ टुक्रिएको छ । यस किसिमको संसारिक कुराबाट चर्च अलग हुनु आवश्यक छ र स्त्रीहरूलाई स्त्री भएकोमा हेपिएको अनुभव हुन दिनु हुँदैन । यसले उनीहरूलाई चर्चबाट अलग्गिने तथा क्रिश्चियन विश्वासबाट पछि हट्ने कुराबाट जोगाउन मद्दत गर्दछ।